**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ जून २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. मुख्य निर्वाचन आयुक्त राजीव कुमार हिजो साँझ राष्ट्रपति द्रौपदी मुर्मुलाई १८औँ लोकसभामा निर्वाचित सदस्यहरुको नामसहितको निर्वाचन आयोगले जारी गरेको अधिसूचनाको प्रति राष्ट्रपतिलाई हस्तान्तरण गर्नु भयो।

२. लोक जनशक्ति पार्टीको अध्यक्ष चिराग पासवानले विपक्षी दलको नेताहरुले आफूसँग सम्पर्क गरेको खबरको खण्डन गर्नु भएको छ।

३. नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण समारोहमा सहभागी हुने भएका छन्।

४. सूडानमा बुधवार मध्य अल-जज़ीरा राज्यको वाड अल-नूर गांवमा विद्रोही अर्धसैनिक रैपिड सपोर्ट फोर्स-आरएसएफ को हमलामा लगभग 150 मानिसको मृत्यु अनि 200 घाइते भएका छन्।

५. भारतीय शूटर सरबजोत सिंहले जर्मनीको म्युनिखमा भएको आईएसएसएफ विश्वकपमा पुरुष १० मिटर एयर पिस्टलमा स्वर्ण पदक जितेका छन्।

**राजिव कुमार**

मुख्य निर्वाचन आयुक्त राजीव कुमारए निर्वाचन आयुक्त ज्ञानेश कुमार र डा सुखवीर सिंह सन्धुले हिजो साँझ राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसंग भेट गर्नु भएको छ। उहाँले १८औँ लोकसभामा निर्वाचित सदस्यहरुको नामसहितको निर्वाचन आयोगले जारी गरेको अधिसूचनाको प्रति राष्ट्रपतिलाई हस्तान्तरण गर्नु भयो।
राष्ट्रपति मुर्मुले निर्वाचन प्रक्रिया सफल भएकोमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूलाई बधाई दिनुभयो।

****** ० ******

**निर्वाचन आयोग**

निर्वाचन आयोगले भर्खरै सम्पन्न निर्वाचनमा ६५ दशमलव ७९ प्रतिशत मत खसेको जानकारी दिएको छ । लक्षद्वीपमा सबैभन्दा बेसी ८४ दशमलव १६ प्रतिशत मतदान भएको थियो भने आसाममा ८१ दशमलव ५६ प्रतिशत मतदान भएको थियो। सबैभन्दा कम मतदान बिहारमा ५६ दशमलव १९ प्रतिशत थियो। लोकसभा चुनावको सातौं र अन्तिम चरणमा ६३ दशमलव ८८ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जानकारी को छ।

****** ० ******

**चिराग पासवान**

लोक जनशक्ति पार्टीको अध्यक्ष चिराग पासवानले विपक्षी दलको नेताहरुले आफूसँग सम्पर्क गरेको खबरको खण्डन गर्नु भएको छ। तर, विपक्षकोहरुले यस्तो प्रयास गरिरहेको उहाँको आरोप छ। श्री पासवानले प्रधानमन्त्री नरेन्द्र मोदीप्रति पूर्ण समर्थन रहेको बताउनु भएको छ।

****** ० ******

**लोकसभा सांसद**

लोकसभाको नवनिर्वाचित सांसदहरू दिल्ली पुगेका छन्। यी सदस्यहरूलाई स्वागत गर्न लोकसभा सचिवालयमा तैयारी भइ रहेको छ। सदस्यहरूलाई स्वागत गर्न र उनीहरूको निर्बाध पंजीकरण सुनिश्चित गर्न विभिन्न कदमहरू चालिएको छ। समय बचत र पेपरलेस डिजिटल प्रक्रियालाई ध्यानमा राखी नवनिर्वाचित सदस्यहरूको दर्ता अनलाइन एकीकृत सफ्टवेयर एप्लिकेसन मार्फत गरिनेछ।

****** ० ******

**ओडिशा**

ओडिशामा भारतीय जनता पार्टीको पहिलो मुख्यमन्त्रीको दौड तीव्र भएको छ। सबै 20 नवनिर्वाचित सांसदहरू सहित पार्टीको राज्य नेताहरू दिल्ली पुगेका छन् र यस विषयमा आज केन्द्रीय नेताहरूलाई भेट्ने सम्भावना छ। सुन्नु होस् हाम्रो सम्वाददाताबाट एउटा रिपोर्ट|

****** ० ******

**नेपालका प्रधानमन्त्री**

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण समारोहमा सहभागी हुने भएका छन्। टेलिफोन वार्तामा प्रधानमन्त्री पुष्पकमल दाहालले लोकसभा चुनावमा एनडीएको जितमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई हार्दिक बधाई दिनु भएको छ।

****** ० ******

**इंडिया गठबन्धन**

भविष्यको रणनीति तयार गर्न इंडिया गठबन्धनको साझेदारहरूले हिजो नयाँ दिल्लीमा बैठक गरेका छन्। बैठक कांग्रेस सभापति मल्लिकार्जुन खर्गेको सरकारी निवासमा भएको हो। यस अवसरमा श्री खर्गेले जनादेश प्रधानमन्त्री नरेन्द्र मोदीको विरुद्धमा रहेको बताउनु भयो। यो श्री मोदीको ठूलो राजनीतिक हार र नैतिक पराजय भएको श्री खर्गेले बताउनु भएको छ। उहाँले भन्नु भयो गठबन्धनले संविधानको प्रस्तावनामा निहित मूल्यहरु प्रति समर्पित सबै राजनीतिक दलहरूलाई स्वागत गर्दछ। श्री खर्गेले आफ्नो गठबन्धन विपक्षमा बस्ने पनि जानकारी दिनु भयो। देशको जनतालाई भाजपा सरकारले शासन नगरोस भन्ने गठबन्धनले चाहेको र यो इच्छा पूरा गर्न गठबन्धनले उपयुक्त समयमा उपयुक्त कदम चाल्ने श्री खर्गेले बताउनु भएको छ।

****** ० ******

**राजीव गौबा**

केन्द्रीय क्याबिनेट सचिव राजीव गौबाले हिजो अत्यधिक गर्मी र जंगलमा आगलागी सँग लड्नको लागि तयारीको समीक्षा गर्न राष्ट्रीय आपदा प्रबंधन समितिको बैठकको अध्यक्षता गर्नु भयो। राष्ट्रीय आपदा प्रबंधन समिति प्राधिकरण र वातावरणए वन तथा जलवायु परिवर्तन मन्त्रालयले अत्यधिक गर्मी र जंगलमा आगलागीको वर्तमान अवस्थाबारे विस्तृत जानकारी श्री गौबालाई दिएको थियो। बैठकमा क्याबिनेट सचिवले गर्मीसँग लड्न पूर्वतयारी बढाउन अल्पकालीनए मध्यकालीन र दीर्घकालीन उपायहरूको नियमित समीक्षा र अनुगमन गर्न मुख्य सचिवहरूलाई निर्देश दिनु भएको छ।

****** ० ******

**स्वास्थ्य मन्त्रालय**

यसैबीच, केन्द्रीय स्वास्थ्य मन्त्रालयले पनि हिजो राज्यहरूसँग गर्मी महिनाहरूमा गर्मीको तयारी र अस्पतालहरूमा आगलागी दुर्घटनाहरू रोक्न उपायहरूको समीक्षा बैठक गरेको छ। स्वास्थ्य सेवाका महानिदेशक डा अतुल गोयलले यो भर्चुअल बैठक सञ्चालन गर्नु भएको थियो।

****** ० ******

**मनसुन**

दक्षिणपश्चिम मनसुन मध्य अरब सागरए कर्नाटकए महाराष्ट्रए तेलंगानाए तटीय आन्ध्र प्रदेशए बंगालको खाडीको अधिकांश भूभागमा प्रवेश गरेको छ। आगामी पाँच दिनसम्म कोंकणए गोवाए महाराष्ट्रए मराठवाडाए सौराष्ट्रए कच्छए तटीय आन्ध्र प्रदेशए यानामए रायलसीमाए तेलंगाना र कर्नाटकका केही स्थानहरुमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने मौसम विभागले जानकारी दिएको छ। आगामी पाँच दिनमा पूर्वोत्तर क्षेत्रए पश्चिम बंगाल र सिक्किममा व्यापक वर्षा हुने सम्भावना छ। उत्तरपश्चिम भारतको केही स्थानहरुमा आज सम्म वर्षा र हावाहुरीको सम्भावना छ। आगामी तीन चार दिनमा जम्मू-कश्मीर-लद्दाख-गिलगिट-मुजफ्फराबादए हिमाचल प्रदेश र उत्तराखण्डमा पनि यस्तै अवस्था रहन सक्ने मौसम विभागले जानकारी दिएको छ।

****** ० ******

**मनसुन महाराष्ट्र**

महाराष्ट्रमा दक्षिण–पश्चिम मनसुनको आगमनले राज्यको मानिसहरुलाई राहत दिएको छ। पुणे मौसम विभागको प्रमुख केएस होसालिकरले आकाशवानिलाई मनसुन रत्नागिरी जिल्लामा पुगेको बताउनु भएको छ।

****** ० ******

**सरबजोत सिंह**

भारतीय शूटर सरबजोत सिंहले जर्मनीको म्युनिखमा भएको आईएसएसएफ विश्वकपमा पुरुष १० मिटर एयर पिस्टलमा स्वर्ण पदक जितेका छन्। यस प्रतियोगितामा भारतको यो पहिलो पदक हो। भारत एउटा स्वर्ण पदक सहित तालिकाको तेस्रो स्थानमा छ। चीन पहिलो र फ्रान्स दोस्रो स्थानमा छ।

****** ० ******

**लक्ष्य सेन**

भारतका लक्ष्य सेन इन्डोनेसिया ओपन सुपर ब्याडमिन्टन प्रतियोगिताको पुरुष सिंगल्सको क्वाटरफाइनलमा प्रवेश गरेका छन्। प्रि-क्वार्टरफाइनलमा उहाँले जापानको केन्टा निशिमोटोलाई हराएका थिए।

****** ० ******

**अप्रत्यक्ष कर**

केन्द्रीय अप्रत्यक्ष कर तथा सीमा शुल्क बोर्डले व्यापार सहज बनाउन हिजोदेखि निर्यातकर्ताहरुको बैंक खातामा सिधै शुल्क फिर्ता गर्न थालेको छ। पब्लिक फाइनान्स म्यानेजमेन्ट सिस्टम (पीएफएमएस) मार्फतस्वचालित रूपमा निर्यातकर्ताहरुको खातामा शुल्क वापसीको भुगतान गरिने वित्त मन्त्रालयले एक विज्ञप्तिमा जानकारी दिएको छ। यो नयाँ कार्यक्षमताले छोटो भुक्तानी समय र पारदर्शिता बढाउने अपेक्षा गरिएको छ।

****** ० ******

**गोल्डी ब्रार**

कर्णी सेना प्रमुख हत्याकाण्डमा गोल्डी ब्रार विरुद्ध आरोपपत्र दायर गरेपछि राष्ट्रिय जांच एजेन्सी (एनआईए) ले हिजो ब्रारको सहयोगीहरूको पंजाब स्थित परिसरहरुमा खोजी गरेको छ। एनआईए टोलीहरूले चण्डीगढ़ जबरजस्ती वासुली र गोलीबारी मामिलामा आतंकवादी ब्रार र उनका सहयोगीहरूसँग जोडिएका कुल नौ ठाउँहरूको खोजी गरेको थियो।

****** ○ ******

****** ○ ******